**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,सिरहा**
जिल्ला-सिरहा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३ (शिक्षा शाखा) मिति :-२०८२/०८/०१
चलानी नं.:- ८३२८

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।

श्री यो जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा यस नगरपालिका अर्न्तगत सञ्चालित श्री लालजी शकुन्तला माध्यमिक विद्यालय माडर, सिरहा १६ मा रिक्त रहेको **माध्यमिक तह तृतीय श्रेणीको विज्ञान शिक्षक पद १ (एक) मा** सरुवाका लागि प्रक्रिया अगाडी बढाइदिन भनि त्यस विद्यालयको च.नं. १४, मिति २०८२/०७/२७ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पूनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना laljishakuntalamavi.123@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी निवेदन प्राप्त हुन आएमा निवेदन माथी कुनै कार्यवाही हुने छैन् ।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा
श्री लालजी शकुन्तला माध्यमिक विद्यालय माडर, सिरहा १६

विनय कुमार सोनु
(प्रमुख प्रशासकीय अधिकृत)

**विनय कुमार सोनु**
**प्रमुख प्रशासकिय अधिकृत**
**(उपसचिव)**

CamScanner